"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
FN 30
# धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
( शिक्षा, युवा तथा खेलकुद महाशाखा शाखा)
( Section)
धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-
चलानी नं. :- २२६९

मिति: २०७६।०७।२४

**विषय: - शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा ।**

श्री सबै सामुदायिक विद्यालयहरु
धरान उपमहानगरपालिका सुनसरी ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौंको च.न. १३६, मिति २०७६।०७।१८ तथा शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरको च.न. ३६८, मिति २०७६।०७।०१ को पत्रबाट शिक्षक सेवा आयोग (दशौं संशोधन) नियमावली २०७६ बमोजिम शैक्षिक सत्र २०७४ र २०७५ को शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्न गराउन निर्देशन भई आएकोले सो सम्बन्धमा देहाय बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

१. निर्धारित समयभित्र विद्यालयमा दर्ता भएका कार्य सम्पादन मूल्याङ्कन फारामको मूल्याङ्कन प्रधानाध्यापक सुपरीवेक्षक हुने भएमा प्रधानाध्यापकले मूल्याङ्कन गरी र प्रधानाध्यापक आफू सुपरीवेक्षक नभएमा सुपरीवेक्षक समक्ष मिति २०७६ मंसिर मसान्त भित्र यस कार्यालयमा पठाउनु हुन ।

२. शिक्षक तथा प्रधानाध्यापकको सुपरीवेक्षक र पुनरावलोकन समिति निम्न बमोजिम हुनेछ ।

| पद | सुपरीवेक्षक | पुनरावलोकन समिति |
|---|---|---|
| शिक्षक | प्रधानाध्यापक | • सम्बन्धीत स्थानीय तहको शिक्षा हेर्ने प्रमुख<br>• शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख<br>• प्रधानाध्यापक |
| प्रधानाध्यापक, प्रधानाध्यापकसँग समान श्रेणीको शिक्षक र प्रधानाध्यापक भन्दा माथिल्लो श्रेणीको शिक्षक | • सम्बन्धीत स्थानीय तहको शिक्षा हेर्ने प्रमुख | • सम्बन्धीत स्थानीय तहको शिक्षा हेर्ने प्रमुख<br>• शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख<br>• विद्यालय व्यवस्थापन समितिको अध्यक्ष |

३. शैक्षिक सत्र २०७४ र २०७५ को कार्यसम्पादन मूल्याङ्कन गर्दा शिक्षक सेवा आयोगको नवौं संशोधन नियमावली बमोजिम नै सुपरीवेक्षकले अधिकतम ८ अङ्क र पुनरावलोकन समितिले अधिकतम २ अङ्क दिने व्यवस्था हुन ।

.............................
रत्नबहादुर कटुवाल
रत्नबहादुर कटुवाल
उप-सचिव (प्रा)

बोधार्थ:
श्री सूचना शाखा, धरान उपमहानगरपालिका- पत्र website मा अपलोड गरिदिनु हुन ।